# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन २१ गते ०८ साल

## भाग ११

## चाहिएको छ

नेपाल सरकार सिभिल अभिएशन डिपार्टमेन्टको निमित्त निम्नलिखित स्टाफहरू चाहिएको छ :—

१— बोननजा, एक्सपेडिटर, ट्वीनवीच र डाकोटाको सञ्चालनमा पूर्ण विज्ञ र लाइसेन्स "बी,, भएको साथै डाकोटामा ५०० घण्टासम्मको कमाण्डर जम्मा ५००० घण्टाको उडानको अनुभव अनिवार्य छ ।

२— पाइलट (फष्ट अफिसर ) शिक्षाको हकमा माथि लेखिएसरह हुनुपर्दछ, तर उडानसम्बन्धी अनुभव डाकोटामा २००० घण्टा भए हुन्छ ।

३— रेडियो अफिसरे- पूरा तालिम पाएको र साथै प्राक्टिकल अनुभव भएको लाइसेन्स प्राप्त भएको हुनुपर्दछ ।

४— एयर क्राफ्ट मेकानिक माथि लेखिएका एयर क्राफ्टहरूको देखरेखसम्बन्धी काममा अनुभवी हुनुपर्दछ र आवश्यक परेमा विमान सञ्चालन गर्न सक्ने हुनुपर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५— ग्राउन्ड इन्जिनियर—डाकोटा, टिनबीच, एक्सपेडिटर बोनन्जा आदि हबाईजहाजहरुको देखरेखको पूर्ण अनुभव हुनुपर्दछ । परिआएमा फ्लाइट इन्जिनियरको कार्य पनि गर्न सक्ने हुनुपर्दछ ।

६— परसर—स्वीकृत संस्थाहरुबाट प्राक्टिकल अनुभव प्राप्त हुनु आवश्यक छ।

उमेदवारले शिक्षा तथा अनुभवसम्बधी पूर्ण विवरणसहित कमसेकम चाहिने तलबसमेत खोली आवेदनपत्र यथाशीघ्र दिनुपर्छ। हाल अथवा पहिले आफूले काम गरेको महकमाहरुबाट पाएको सर्टिफिकेट आवेदनपत्रसँगै पठाउनुपर्छ। साथै आफूले सेवा गर्न चाहेको पदको निमित्त भएको शारीरिक योग्यताबारेमा डाक्टरको प्रमाणपत्र पनि पेश गर्नुपर्दछ।

यातायात मंत्रालय, सिंहदरबार.

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।